बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

शिक्षा विकास निर्देशनालय, हेटौंडा

**माध्यमिक शिक्षा परीक्षा (SEE) २०८१**

२०८१ चैत्र ७ गते देखि १९ गते सम्म (विहान ८: बजे देखि ११:बजे) सञ्चालन हुने नियमित तथा ग्रेडवृद्धि तर्फको माध्यमिक शिक्षा परीक्षा (SEE) मा यस प्रदेशबाट कुल १०८२६५ जना विद्यार्थीहरु सहभागी हुनेछन् । जस मध्ये छात्रा ५२४९० जना ,छात्र ५५७७३ र अन्य २ जना रहेकाछन् ।यस प्रदेशका १३ जिल्लामा परीक्षा ४३८ परिक्षा केन्द्रहरुको व्यवस्था गरी परीक्षा सञ्चालन हुने व्यवस्था गरिएको छ।

परीक्षालाई मर्यादित, भयरहित, अनुशासित तथा शानतिपूर्ण वातावरणमा संचालन गर्नका लागि सम्वन्धित जिल्लाको जिल्ला परीक्षा समन्वय समितिबाट केन्द्राध्यक्ष नियुक्त भई सम्बन्धित केन्द्रको कार्य प्रारम्भ गरिसकेको अवस्था छ। सबै परीक्षा केन्द्रमा प्रश्नपत्र र उत्तरपुस्तिका पुगिसेकको छ।परिक्षालाई व्यवस्थित रुपमा सञ्चालन गर्न प्रदेश भरमा ४३८ जना केन्द्राध्यक्ष, ८२८ जना सहायक केन्द्राध्यक्ष, ५४०५ जना नीरिक्षक, १०९१ जना परीक्षा सहायक, २१५३ जना कार्यालय सहयोगी सहित ९९१५ जना प्रशासनिक जनशक्ति परिचालन गरिएको छ।यसै गरि जिल्ला परीक्षा समन्वय समिति मार्फत सुरक्षा व्यवस्था लगायत अन्य आवश्यक व्यवस्था मिलाईएको छ।

| बागमती प्रदेशको एसईई परीक्षार्थी विवरण २०८१ | | | | | | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|
| क स | जिल्ला | छात्रा | छात्र | अन्य | जम्मा | |
| १ | भक्तपुर | ३१४८ | ३४४६ | | ६५९४ | २५ |
| २ | चितवन | ६०४५ | ६४१५ | | १२४६० | ४२ |
| ३ | धादिङ | २९०७ | २५५७ | | ५४६४ | २४ |
| ४ | दोलखा | १४७९ | १३५४ | | २८३३ | १७ |
| ५ | काठमाण्डौ | १७६०७ | २१७७४ | १ | ३९३८२ | १३६ |
| ६ | काभ्रेपलाञ्चोक | ३१७६ | ३२२१ | | ६३९७ | ३४ |
| ७ | ललितपुर | ५१६३ | ५४३६ | | १०५९९ | ४० |
| ८ | मकवानपुर | ३९७० | ३५११ | | ७४८१ | २८ |
| ९ | नुवाकोट | २४७१ | २१४२ | १ | ४६१४ | २१ |
| १० | रामेछाप | १४६९ | १२३५ | | २७०४ | १९ |
| ११ | रसुवा | २९७ | २३६ | | ५३३ | ६ |
| १२ | सिन्धुली | २९६८ | २८१३ | | ५७८१ | २७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | सिन्धुपाल्चोक | १७९० | १६३३ | | ३४२३ | १९ |
| | | ५२४९० | ५५७७३ | २ | १०८२६५ | ४३८ |

परिक्षालाई व्यवस्थित, अनुशासित मर्यादित र शान्तिपूर्ण रुपमा संचालन गरी परिक्षार्थीहरुको लागि भयरहित एवम् मर्यादित वातावरणको सुनिश्चचतता गर्न स्थानीय प्रशासन, स्थानीय तह, संचारकर्मी, शिक्षकका पेशागत समुदाय, विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक, विद्यार्थीलगायत सम्पूर्ण सरोकारवालाहरुलाई प्रदेश परिक्षा सञ्चालन तथा व्यवस्थापन समिति हार्दिक अनुरोध गर्दछ ।